## चुलाचुली गाउँपालिकाको कार्यालय
## चुलाचुली, इलाम
# शिलबन्दी दरभाउपत्र पेश गर्नेसम्बन्धी सूचना
## ठेक्का नं ४३/२०७७/०७८
प्रथम पटक प्रकाशित मिति २०७८ असार २४

यस चुलाचुली गाउँपालिका कार्यालयका लागि आ.व. ०७८/०७९ वर्ष १ (एक) का लागि आवश्यक (१) कार्यालय सामान तथा (२) छपाईसम्बन्धी कागजातहरु गाउँपालिका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा गाउँपालिका कार्यालयमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्सहरुले फर्म दर्ता कागज, आ.व. ०७६।०७७ को कर चुक्ता प्रमाण पत्र तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण-पत्र, राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस गाउँपालिका कार्यालयको राजस्व प्रशासन शाखाबाट रु. १,०००।- मा दरभाउ-पत्र खरीद गरी शिलबन्दी दरभाउ-पत्र पेश गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर :- २०७८ श्रावण ७ गते कार्यालय समयसम्म,रु. १०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी ।

२ दरभाउपत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान :- २०७८ श्रावण ८ गते दिनको १२.०० बजेसम्म, चुलाचुली गाँउपालिका कार्यालयमा ।

३. दरभाउपत्र फाराम खोल्ने मिति, समय र स्थान :- २०७६ श्रावण ८ गते दिनको २.०० बजेपछि, चुलाचुली गाँउपालिका कार्यालयमा ।

४. उक्त दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

५. विस्तृत जानकारीका लागि गाउँपालिका कार्यालयको जिन्सी शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

६. आफूले पेश गरेको दरभाउपत्रको दर मूल्य अभिवृद्धि कर बाहेकको पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्र फाराममा दर रेट भर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दर रेट फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ ।

८. दरभाउपत्र फाराम पेश गर्दा सो साथ आफूले पेश गरेको सामानको जम्मा मूल्यको २.५ प्रतिशतले हुने रकम एन्.एम्.बी. बैंक चुलाचुली शाखामा हेको धरौटी खाता नं. १०३००६०७४४२०००३७ मा जम्मा गरी सक्कलै बैंक भौचर सामेल राखी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको विड बण्डको सक्कल प्रति पेश गर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएको निर्धारित समयभित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ ।

९. रितपूर्वक पेश नभएको, म्यादभित्र दर्ता नभएको र शर्त राखी पेश भएका दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

१०. दरभाउपत्र स्वीकृत भएपछि गाँउपालिका कार्यालयबाट सम्झौताका लागि बोलाइएको समयमा (म्याद) मा उपस्थित भई सम्झौता गर्नु पर्नेछ । समयमा उपस्थित नभई सम्झौता नगरेमा यस कार्यालयमा उक्त कामका लागि राखिएको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ ।

११. दरभाउपत्रमा उल्लेख भए बमोजिम कम्पनी तथा ब्राण्डको मालसामान बाहेक अन्य मालसामान गाउँपालिकाले स्वीकार गर्ने छैन साथै मालसामानको वारेन्टी तथा ग्यारेन्टी तोकिए अनुसार हुनेछ ।

१२. तोकिएको समयमा तोकिएको परिमाणको उल्लेखित कम्पनी र ब्राण्डको मालसामान सप्लाई नगरेमा गाउँपालिकाले ठेक्का तोडी धरौटी जफत गर्न सक्नेछ ।

१३. सामान आपूर्ति गर्दा लाग्ने भाडा सामान आपूर्तिकर्ता स्वयंले बेहोर्नु पर्नेछ ।

१४. नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर तथा अन्य कुनै पनि कर बुझाउनु परेमा आपूर्तिकर्ता स्वयंले बुझाउनु पर्नेछ ।

१५. नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करहरु बुझाई फरफारक लिई आएपछि मात्र उक्त कामका लागि राखिएको धरौटी रकम फिर्ता दिइनेछ ।

१६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

१७. यस शर्त र बन्देज भित्र नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

काजिमान राई
प्रमुख प्रशासकीय अधिकृत

**चुलाचुली गाउँपालिकाको कार्यालय**
**चुलाचुली, इलाम**
**प्रथम पटक प्रकाशित मिति २०७८ असार २४ गते**

यस चुलाचुली गाउँपालिका कार्यालयका लागि आ.व. ०७८/०७९ वर्ष १ (एक) का लागि आवश्यक (१) कार्यालय सामान तथा (२) छपाई सम्बन्धी कागजातहरु गाउँपालिका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा गाउँपालिका कार्यालयकमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्सहरुले फर्म दर्ता कागज, आ.व. ०७६।०७७ को कर चुक्ता प्रमाण पत्र तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण-पत्र संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस गाउँपालिका कार्यालयको राजस्व प्रशासन शाखाबाट रु. १,०००।- मा दरभाउ-पत्र खरीद गरी शिलबन्दी दरभाउ-पत्र पेश गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | विवरण | ठेक्का नं | धरौटी रकम | दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र दाखिला गर्ने मिति र समय | दरभाउ पत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय सामान | ४३/२०७७/०७८ | कवोल रकमको २.५ प्रतिशतले हुने रकम | २०७८।०४।०७ गते कार्यालय समयसम्म | २०७८।०४।०८ गते १२.०० बजेसम्म | २०७८।०४।०८ गते २.०० बजे |
| २ | छपाई कार्य | | ,, | | | |

विस्तृत जानकारीका लागि गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

काजिमान राइ
प्रमुख प्रशासकीय अधिकृ